बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड :- ३ सङ्ख्या : १२ मिति : २०७७।६।७

भाग :-२


## प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना :** ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा तीब्र गतिमा भइरहेको बसाईसराईका कारणले गर्दा शहरी क्षेत्रहरुमाखेती गर्ने जमिनको अभाव भएकाले सबै किसिमका दैनिक उपभोग्य कृषि वस्तुहरु बजारबाट किनेर खानुपर्ने बाध्यता रहेको छ।त्यसमा पनि बढ्दो विषादीको प्रयोगले विशेषत महिला र बालबालिकाहरुको स्वास्थमा नकारात्मक प्रभाव परेको विभिन्न अध्ययनले पुष्टि गरेको छ।त्यसैले घरायसी प्राङ्गारिक फोहोरहरुको सदुपयोग गरी आफ्नो घरको छत, वरण्डा, कौसी, पर्खाल र घरका खाली जग्गाहरुको सदुपयोगगरी विभिन्न प्रकारका तरकारी र फलफूल बालीहरुको घरायसी उत्पादनलाई प्रवर्द्धन गर्दै हरित शहर निर्माणमा योगदान पुऱ्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बूढानीलकण्ठ नगरपालिकाको नगरकार्यपालिकाको मिति २०७७।०६।०५को बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यो कार्यविधिको नाम **"प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि बूढानीलकण्ठ नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्या विधिमा,-

(क) **"आपूर्तिकर्ता"** भन्नाले दफा ४को उपदफा (३) को खण्ड (ङ) बमोजिम सूचिकृत भएका कौसी खेतीको सामाग्री आपूर्ति गर्ने आपूर्तिकर्तालाई सम्झनुपर्छ ।

(ख) **"इच्छापत्र/आशयपत्र"** भन्नाले प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालनका लागि इच्छुक भई कार्यविधि अनुरुपको सहयोग प्राप्त गर्न पेश गरेको आवेदन सम्झनुपर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनपर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले बूढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(ङ) **"प्राङ्गारिक कौसी खेती"** भन्नाले रासायनिक विषादी प्रयोग नगरी घरायसी प्राङ्गारिक स्रोत साधनको सदुपयोग गरेर घरको वरण्डा, कौसी, पर्खाल र खाली जग्गाहरुमा विभिन्न प्रकारका तरकारी तथा फलफूल बालीहरुको खेतीलाई सम्झनुपर्छ ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनुपर्छ ।

(छ) **"साझेदार"** भन्नाले यस कार्यक्रम सञ्चालन गर्नका लागि छनोट भएका घर परिवार वा घरधुरीलाइ सम्झनुपर्छ ।

३. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुने छः

(क) खेती गर्ने जमिनको अभाव भएका शहरी क्षेत्रहरुमा घरको छत, वरण्डा, कौसी, पर्खाल र खाली जग्गाआदिलाई ताजा तरकारी र फलफूल उत्पादनमा उपयोग गर्ने,

(ख) स्वस्थकर तथा विषादीमुक्त ताजा तरकारी उत्पादनमा वृद्धि गरी पारिवारिक खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने,

(ग) शहरी परिवारलाई ताजा तरकारीमा आत्मनिर्भर बनाउने,

(घ) हरित शहर निर्माणमा सहयोग पुऱ्याउने,

(ङ) कृषिको जैविक विविधिताको संरक्षण गर्ने ।

## परिच्छेद-२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः**(१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिको लागि सिफारिस गर्न बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखामा तपशिल बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

- अधिकृत छैठौं, कृषि बिकास शाखा — संयोजक
- अधिकृत छैठौं, प्रशासन शाखा — सदस्य
- अधिकृत छैठौं, लेखा शाखा — सदस्य
- अधिकृत छैठौं, योजना शाखा — सदस्य
- अधिकृत छैठौं, कृषि प्राविधिक चौथो/पाँचौ कृषि बिकास शाखा — सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा ४(चार) सल्लाकारलाई समितको बैठकमा आमन्त्रण गर्न सक्ने छ । कार्यक्रम प्रभावकारीताको अनुगमनको लागि श्री प्रमुख प्रशासकिय अधिकृत/योजना अधिकृत/लेखा अधिकृत/प्रशासन शाखा प्रमुखलाई आमन्त्रण गर्न सक्ने छ ।

**(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः-**

(क) प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालन गर्न इच्छापत्र/आशयपत्र पेश गरेका आवेदकहरुको छनौट गर्नको लागि मूल्याङ्कनको मापदण्ड तथा आधारहरु तयार गरी स्वीकृतिको लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(ख) प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक पर्ने डिजाइन, लागत ईस्टिमेट, सम्झौता तथा स्पेसिफिकेशन तयार गरी स्वीकृतिको लागि बूढानीलकण्ठ नगरपालिकामा पेश गर्ने ।

(ग) स्वीकृत मापदण्डको आधारमा प्राप्त इच्छापत्र/आशयपत्रहरुको अध्ययन, सम्भव भएमा स्थलगत निरीक्षण र मूल्याङ्कन गरी स्वीकृतिको लागि बूढानीलकण्ठ नगरपालिकामा पेश गर्ने ।

(घ) सञ्चालित कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा आवश्यक मार्गदर्शन दिने ।

(ङ) सार्वजनिक सूचना प्रकाशन गरी कानूनबमोजिम योग्य आपूर्तिकर्ताहरुको सूचिकृत गर्न बूढानीलकण्ठ नगरपालिकमा सिफारिससहित पेश गर्ने ।

**(४) मूल्याङ्कनका आधारहरु :-**

- १५-२५ जनाको सदस्य भएको कृषक समूह कृषि बिकास शाखामा दर्ता भएको हुनु पर्ने ।
- समूह दर्ता नभएमा एउटै वाडाको एउटै टोलको दश जनाको समूहमा आउनु पर्ने ।

## परिच्छेद -३
## <u>कार्यक्रम सञ्चालन</u>

५. **<u>कार्यक्रम लागु हुने स्थानहरुः</u>** यो कार्यक्रम आर्थिक वर्ष २०७७/०७८ मा बूढानीलकण्ठ नगरपालिकामा कौसी खेती गरिरहेका र कौसी खेती गर्न ईच्छुक कृषकहरुमा सञ्चालन गरिनेछ भने आगामी वर्षहरुमा कार्यक्रमको प्रभावकारिता, सिकाई तथा बजेट व्यवस्थाको आधारमा सम्पूर्ण वडाहरुमा समेत कौसी खेती विस्तार गर्न सकिनेछ ।

६. **<u>कार्यक्रम क्षेत्र छनौटः</u>** स्वीकृत कार्यक्रम, बजेट र प्राथमिकताको आधारमा सम्बन्धित बूढानीलकण्ठ नगरपालिकाले सम्पूर्ण वडाहरुसँग समन्वय गरी कार्यक्रम लागु भएको तथा नयाँ क्षेत्रहरुमा कार्यक्रम सञ्चालन हुने वडाहरु छनौट गर्नेछ ।

७. **<u>कार्यक्रम क्लस्टरमा गर्नु पर्नेः</u>** प्राङ्गारिक कौसी खेती गर्न ईच्छुक नजिक वा छिमेकी घरधुरीहरु मिली एक वडामा/एक कृषक समूहमा न्यूनतम ५ घरधुरीको संयुक्त निवेदन वा कृषक समूहको सिफारिस हुनु पर्नेछ ।यस्ता समूह "कौसी तरकारी उत्पादक कृषक समूह" को रूपमा कृषि बिकास शाखामा दर्ता/सूचिकृत/अध्यावधिक गर्नु पर्नेछ ।कौसी खेतीलाई अभियानको रुपमा सञ्चालन गर्न बूढानीलकण्ठ नगरपालिकाले "कौसी तरकारी उत्पादक कृषक समूह" गठन गर्न सक्नेछ उक्त समूहमा कम्तीमा १५ देखी २५ जनाको सदस्य हुनु पर्ने छ।

८. **सूचना प्रकाशनः**(१) बूढानीलकण्ठ नगरपालिकाले कार्यक्रम सञ्चालन गर्नको लागि प्राङ्गारिक कौसी खेती गर्न ईच्छुक कृषक समूह/घरधुरीबाट इच्छापत्र आव्हान गर्न अनुसूची -१ बमोजिमको ढाँचामा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक आवेदकले अनुसूची -२ बमोजिम निवेदन, अनुसूची -३ अनुसारको संयुक्त आशय पत्र तथा माग गरेका कागजात सम्बन्धित कृषि बिकास शाखामा दर्ता गर्नु पर्नेछ।

९. **कृषक समूह/घरपरिवार छनौटका आधारहरुः**(१) मूल्याङ्कन समितिले तयार गरी स्वीकृत भएको मूल्याङ्कनको मापदण्ड तथा आधारहरुनै प्राङ्गारिक कौसी खेती कार्यक्रम सञ्चालन गर्न कृषक समूह/घरपरिवार छनौटको आधारहरु हुनेछन् ।

(२) दफा ४ को उपदफा (३) बाहेक छनौटको लागि देहाय बमोजिमका शर्तहरु समेत पुरा भएको हुनुपर्नेछः

(क) कृषक समूह/घरपरिवार क्लष्टरमा रहने गरी छनौट गर्ने,

(ख) कौसी खेती गर्न अनुदानबाहेकको पूरक रकम लगानी गर्न प्रतिबद्ध घरपरिवारलाई विशेष प्राथमिकता दिने ।

१०. **कौसी खेती प्रविधिः** माटो सहित र माटो रहित गमला प्रविधिहरुमा आधारित कौसी खेतीलाई प्राथामिकता प्रदान गरिनेछ ।

११. **लक्ष्य निर्धारण तथा बजेट बाँडफाडः** बूढानीलकण्ठ नगरपालिकाले कृषि बिकास शाखालाई स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधिभित्र रही सम्बन्धित लक्ष्य निर्धारण तथा बजेट बाँडफाँड गर्न जिम्मा दिनु पर्नेछ ।

१२. **सम्झौताः** (१) छनौट भएका साझेदारहरुलाई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने कार्यलयले सम्झौता गर्न आउन सात दिनको समयावधि दिई जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदारसँग सम्बन्धित केन्द्रले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानी प्रतिक्षा सूचीमा रहेका साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद -४

## अनुदान रकम प्रवाह तथा खर्च गर्ने विधि

१३. **<u>अनुदान व्यवस्थाः</u>** (१) छनौट भएका घरपरिवारले कूल लागतको बढीमा ५० देखी ७५ प्रतिशत अनुदान प्राप्त गर्नेछन् ।सेट जडान सहितको कौसी खेती र प्लाष्टिक टनेल सहितको कौसी खेतीको प्रविधिको हकमा बजार मुल्य अनुसार अनुदान प्राप्त गर्न सक्नेछ ।यस्ता प्रविधि प्रदान गर्ने आपूर्तिकर्ताले छनौट भएका सेवाग्राहीलाई तालीम दिनु पर्नेछ ।

(२) साझेदारले सूचिकृत भएका आपूर्तिकर्ताहरु मध्ये पायकपर्ने आपूर्तिकर्तासँग तोकिएको मूल्यमा उक्त प्रविधिको लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी कौसी खेती स्थापना गर्नुपर्नेछ । बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखाले आवश्यक प्राविधिक परामर्श प्रदान गर्नेछ ।

(३) साझेदारले व्यहोर्न पर्ने रकम अन्य कुनै/संघ संस्था/ निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सकिनेछ ।

(४)स्वीकृत कार्यक्रम अनुसार कार्यालयले दुई प्रतिशत सम्म कन्टनजेन्सी रकम कट्टा गर्न सक्नेछ र उक्त रकम यस कार्यक्रमसँग सम्बन्धित सहयोगी गतिविधिहरु (सूचना प्रकाशन, होर्डिङ बोर्ड, अनुगमन, बैठक आदि)सञ्चालन गर्न खर्च गर्न सकिनेछ ।

१४. **<u>अनुदान रकम भुक्तानीप्रक्रियाः</u>** साझेदारले सम्झौता अनुसार काम सम्पन्न गरेपछि बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखाको कार्य सम्पन्न प्राविधिक प्रतिवेदन, सक्कल बिल भर्पाईहरु र साझेदारसहित कौसी खेतीको फोटोको आधारमा बूढानीलकण्ठ नगरपालिकाले साझेदारको खातामा वा साझेदारले सम्बन्धित आपूर्तिकर्ताको खातामा भुक्तानीको लागि सिफारिश भई आएमा आपूर्तिकर्ताको बैंक खातामार्फत भुक्तानी दिइनेछ ।

## परिच्छेद -५
## <u>अनुगमन तथा मूल्याङ्कन</u>

१५. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कृषि बिकास शाखाले गर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन मूल्याङकन कार्यक्रम प्रभावकारीताको अनुगमनको लागि श्री प्रमुख प्रशासकिय अधिकृत/योजना अधिकृत/लेखा अधिकृत/प्रशासन शाखा प्रमुखको टोलीले गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन बूढानीलकण्ठ नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -६
## <u>विविध</u>

१६. **<u>प्रचलित कानूनबमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधिबमोजिम र अन्य विषयका हकमा प्रचलित कानूनबमोजिम हुने छ ।

१७. **<u>संशोधनः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१८. **<u>प्रचलित कानूनबमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधिबमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची-१**

**(दफा ८ सँग सम्बन्धित)**

**<u>प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आशयपत्र आव्हान सम्बन्धी सूचना</u>**

बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखाको आ.व................को स्वीकृत वार्षिक कार्यक्रमअनुसार ...........................................बूढानीलकण्ठ नगरपालिमा प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि खेती गर्ने जमिनको अभाव भएका शहरी क्षेत्रमा बसोवास गर्ने इच्छुक कृषक समूह/घरधुरी/घर परिवारले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिनभित्र सम्बन्धित कृषि बिकास शाखामा आइपुग्ने गरी प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को अनुसूची-२ अनुसारको निवेदन तथा कागजातहरु एवम् अनुसूची -३ अनुसारको संयुक्त आशयपत्र सहित आवेदन सम्बन्धित बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखामा दर्ता गर्नु हुन सूचना गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेश नहुने व्यहोरा जानकारी गराईन्छ।

**अनुसूची -२**

**(दफा ८ सँग सम्बन्धित)**

**<u>निवेदन</u>**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,                                         मितिः

बूढानीलकण्ठ नगरपालिका,................।

विषयः <u>आशयपत्र पेश गरिएको बारे ।</u>

महोदय,

बूढानीलकण्ठ नगरपालिकाले मिति................ मा प्रकाशित सूचना अनुसार प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकाले मागबमोजिमका कागजातहरु यसैसाथ संलग्न गरी आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेका छौं ।

<u>संलग्न कागजातहरुः</u>

१. आवेदकहरुको नागरिकताको प्रतिलिपि,

२. अनुदान बाहेकको पूरक रकम लगानी गर्ने सम्बन्धी प्रतिबद्धतापत्र,

३. अनुसूची -३ अनुसारको संयुक्त आशयपत्र ।

<u>समूहको तर्फबाट आवेदकको</u>

सहीः

छापः

**अनुसूची-३**
**(दफा ८ सँग सम्बन्धित)**
**<u>संयुक्त आशयपत्र</u>**

१. समूहको तर्फबाट आवेदकको नामः

२. ठेगानाः

३. घर परिवार संख्याःमहिलाः

४. कौसी खेती गर्न चाहेको बाली/वस्तुः१.

५. कौसी खेती गरिने स्थल/संरचना (घरको छत/कौसी/वरण्डा/पर्खाल/अन्य):

६. प्राङ्गारिक कौसी खेती गर्नुको मुख्य उद्देश्यः
- 
- 
- 

७. कौसी खेती गर्न सकिने क्षेत्रफलः ................वर्ग मिटर ($m^2$)

८. मल तथा विषादी बनाउन प्रयोग गरिने प्राङ्गारिक वस्तु/पदार्थहरुः

९. संलग्न घरधुरी

| क्र.सं. | नाम थर | ठेगाना | दस्तखत | सम्पर्क मो. नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |
| १९ | | | | |
| २० | | | | |
| २१ | | | | |
| २२ | | | | |
| २३ | | | | |
| २४ | | | | |
| २५ | | | | |

<u>समूहको तर्फबाट आवेदकको</u>

सहीः

छापः

**अनुसूची -४**

**( दफा १२सँग सम्बन्धित)**

**<u>सम्झौता-पत्र</u>**

बूढानीलकण्ठ नगरपालिका कृषि बिकास शाखाबाट सञ्चालन हुने चालु आ.व.को प्राङ्गारिक कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा निर्माण गर्न मिति............................मा गरिएको प्रस्ताव आव्हानको सूचनाअनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये श्री ............................................... को प्रस्ताव छनौट भएको हुँदा बूढानीलकण्ठ नगरपालिका ( यस पछि प्रथम पक्ष भनिने ) र .................................. (यस पछि दोश्रो पक्ष भनिने) का बीच तपशिलअनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

**<u>तपशिलः</u>**

१. प्रथम पक्षले प्लाष्टिक टनेल सहित सेट जडानमा कौसी खेती र टनेल बाहेक कौसी खेतीको लागि सेट जडान प्रविधिको हकमा बजार मुल्य अनुसारको जम्मा लगानीको ५० देखी ७५ प्रतिशत रकम अनुदान रकम उपलब्ध गराउनेछ ।

२. दोश्रो पक्षले बाँकी खर्च लाग्ने रकम निर्माण कम्पनीको खातामा जम्मा गरेको भौचर सम्झौता गर्न आउदा समावेस गर्नुपर्नेछ ।

३. कार्यक्रम सञ्चालनका क्रममा वा सम्पन्न भए पश्चातको सञ्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा सबैप्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

४. कार्यक्रम सञ्चालनका क्रममा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवैपक्षको आपसी सहमती अनुसार हुनेछ।

५. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

**प्रथम पक्षः**
बूढानीलकण्ठ नगरपालिकाको तर्फबाट
नाम, थर :
पदः
दस्तखतः
कार्यालयको छाप :

**दोश्रो पक्षः**
संयुक्त समूहको तर्फबाट
नाम, थर :
पदः
दस्तखतः
सस्थाको छाप :

आज्ञाले,

प्रमाणिकरण मिति : २०७७।६।५

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत